फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः १ संख्याः २६ मितिः २०७५/०६/२१

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

# फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशन संवन्धि कार्यविधि, २०७५

कार्यपालिकावाट स्वीकृत मितिः २०७५/०३/०२

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न फलेवास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम फलेवास नगर कार्यपालिकाको मिति २०७५ असार २ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## भाग- १

## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि फलेवास नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

## भाग- २

## फलेवास नगर कार्यपालिकाको राजपत्रको भाग र ढाँचा

३. **फलेवास नगर कार्यपालिकाको राजपत्रको भागहरुः** फलेवास नगर कार्यपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।

४. **फलेवास नगर कार्यपालिकाको राजपत्रको ढाँचाः** फलेवास नगर कार्यपालिकाको राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

५. **खण्डको व्यवस्थाः** फलेवास नगर कार्यपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ।

६. **फलेवास नगर कार्यपालिकाको राजपत्रको संख्याः** (१) फलेवास नगर कार्यपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **फलेवास नगर कार्यपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री:** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी:** फलेवास नगर कार्यपालिकाको राजपत्र फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३

## फलेवास नगर कार्यपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारी:** (१) नगर कार्यपालिकाको सूचना तथा संचार शाखालाई फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशन गर्ने जिम्मेवारी तोकिएको छ । सोही शाखाबाट मात्र फलेवास नगर कार्यपालिकाको राजपत्र प्रकाशन हुनेछ । राजपत्र प्रकाशनको क्रममा प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा रही सूचना तथा संचार शाखा प्रमुख प्रत्यक्ष रुपमा नगर प्रमुख प्रति उत्तरदायी हुनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ।

(३) नगर कार्यपालिकामा कानून शाखाको गठन नभए सम्मका लागि स्थानीय कानूनविद्संग लिखित वा मौखिक सल्लाह सुझाव लिई नगर कार्यपालिकाको कार्यालयका कर्मचारीले सामाग्री सम्पादन गर्न सक्नेछन।

११. **फलेवास नगर कार्यपालिकाको राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएको सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम फलेवास नगर कार्यपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ। सो अभिलेख अद्यावधिक गर्ने जिम्मेवारी सूचना तथा संचार शाखालाई हुनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगर कार्यपालिकाको कार्यालयले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) नगर कार्यपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा, र

(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:** नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

१४. **<u>विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः</u>** (१) प्रकाशित फलेवास नगर कार्यपालिकाको राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा संचार शाखा तथा तोकिएको शाखा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) फलेवास नगर कार्यपालिकाको राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क)** **<u>राजपत्र बिक्री गर्दाः</u>** कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा प्रकाशित पुस्तकको हकमा प्रति पेज रु. १ रकम लिइने छ। प्रिन्ट वा फोटोकपीको हकमा प्रति पेज रु. ३ रकम लिइने छ।

**(ख)** **<u>बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :</u>** फलेवास नगर कार्यपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व नगर कार्यपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१५. **<u>कार्यविधिको व्याख्याः</u>** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१६. **<u>बचाऊः</u>** यो कार्यविधि लागू हुनुभन्दा अगावै नगर कार्यपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।

# अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

## फलेवास नगर कार्यपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

यस भागमा फलेवास सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

यस भागमा नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः...  संख्याः...  मितिः ..../../..

**भाग-१**

**फलेवास नगर कार्यपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले

मोतीराम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत